
जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-१७, २०८३ कात्तिक २६ गते विहीबार, 12 Nov 2026, नेपाल सम्वत्-११४७ पृष्ठ-६, मूल्य रु. ५/-



ऐतिहासिक सुरुङ

अवलोकनकर्ताको पर्खाइमा

○ सरिता दाहाल

मकवानपुर । मकवानपुर र बारा जिल्लाको सिमानामा पर्ने दक्षिण एसियाकै पहिलो मानव निर्मित सुरुङमार्ग पुनर्निर्माणपछि सर्वसाधारणलाई अवलोकनको लागि हस्तान्तरण गरिएको २३ महिना भयो ।

यो बीचमा जम्मा १ हजार ८ सय ९१ जनाले मात्रै सुरुङ अवलोकन गरेका छन् । जसमा सबैजसो स्थानीयहरु नै रहेको सुरुङ व्यवस्थापन समितिले जनाएको छ ।

२३ महिनामा नेपाली नागरिकलाई तोकिएको शुल्क तिरेर १ हजार ७ सय ३१ जना र विद्यार्थी शुल्क तिरेर १६० जनाले सुरुङको अवलोकन गरेका व्यवस्थापन समितिले जनाएको छ । जिर्ण अवस्थामा रहेको सुरुङ आन्तरिक र बाह्य पर्यटनको अवलोकनीय बनाउनको लागि ३ करोड ३६ लाख १३ हजार रुपैयाँ लगानी गरि मर्मत गरिएको थियो । तर फितलो व्यवस्थानको कारण सुरुङले पर्यटनलाई आकर्षण गर्न सकेको छैन ।

सुरुङ अवलोकन गर्न कोही आउला भनेर टिकट लिएर टेबुल रुङ्दै बस्नु परेको कर्मचारी प्रिया सिंजाली मगर बताउनु हुन्छ । “हप्तामा एक दिन शनिबार ५/७ जना आउनु हुन्छ, अरु दिन म आउने फर्कने हो” उहाँले भन्नुभयो ।

अहिले जति अवलोकनकर्ताहरु आउनु भएको सुरुङको आडैमा रहेको चुरियामाइ मन्दिरमा आउने भक्तजनहरु हुन् । जो शनिबार मात्रै आउँछन् । यो मन्दिर थिएन भने यति अवलोकनकर्ता पनि आउने थिएनन् उहाँले भन्नुभयो ।

१०९ वर्ष पुरानो सुरुङ पुनर्निर्माणसँगै एक अर्को इतिहासको सवाल अध्ययनको अवसर प्रदान गरिएको व्यवस्थापन समितिको अध्यक्ष प्रेम भोम्जनले बताउनुहुन्छ । निकै तामझामका साथ सुरु गरिएको सुरुङ मार्ग अहिले कुरुप बनेको छ । अवलोकनको लागि बनाइएको सिढीहरु झाँडीले हिड्नै डरलाग्दो बनेको छ । तर त्यसलाइ काँटछाँट तर्फ चासो दिएको देखिदैन ।

अर्कोतिर अवलोकनको लागि उपमहानगरपालिकाले तोकेको शुल्क बढी भएको गुनासाहरु आउने गरेको भोम्जनले बताउनु भयो । सुरुङ भित्र आकर्षक अन्य संरचना नभएको कारण अवलोकनकर्ताको रोजाइमा नपरेको हुनसक्ने अध्यक्ष भोम्जनको बुझाइ छ । आउनेहरुले यही सुरु भित्र विभिन्न मुर्ति तथा कलाहरु सजाउन सकेमा आकर्षण बढ्ने सुझाव दिएको उहाँले बताउनु भयो ।

बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरपालिका वडा न १५ मा पर्ने चुरियामाई सुरुङ पुनर्निर्माण कार्य २०८० साउन २२ गते सकिएको थियो । विभिन्न चुनौतिका बाबजुत निर्माण सकिएको सकिएको १७ महिनापछि स्थानीय सरकारलाई हस्तान्तरण गर्दै सर्वसाधारणको लागि खुला गरिएको थियो ।

तर अहिले त्यसको औचित्य नै बुझाउन नसकिएको हो की भन्ने प्रश्न उठेको छ । २ वर्ष अघि बनाइएको सुरुङ अहिले नै कतै चर्किएको देखिन्छ भने कतै पानी पर्दा रसाउन थालेको छ । उपमहानगरपालिकाले चुरियामाई

बाँकी पेज ५ मा

इन्साइड ---- स्टोरी

राजनीतिक पुनर्जागरण र समाजवादको आधार निर्माण गर्न अभियान



पुष्कर कुमार अधिकारी

विचार : पेज २ मा

३ करोड लगानीमा महिला मैत्री पार्क निर्माण हुँदै

पेज ३ मा



नेपाल संवत्को अवसर मा हेटौंडामा सांस्कृतिक झाँकी

पेज ४ मा



भोटेकोशी बाढीपछिको पुनर्निर्माणार्थ प्रदेशको ६ अर्ब बजेट कटौती

पेज ६ मा

पर्व सद्भाव र एकताका प्रतिक

मकवानपुर। पर्वहरूले आपसी सद्भाव र एकता सुदृढ पार्ने बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले बताउनुभएको छ।

भाइटीका, नेपाल संवत् एवं छठ पर्व, २०८३ को अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सुस्वास्थ्य र समृद्धिको शुभकामना व्यक्त गर्नुहुँदै उहाँले यस्तो बताउनु भएको हो ।

प्रदेशका प्रमुख देवकोटाले नेपाल संवत् ११४७, भाइटीका तथा छठ पर्वको अवसरमा आज शनिबार शुभकामना सन्देश जारी गर्नुहुदै दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, ऐश्वर्य र प्रगतिको कामना गर्नुभएको हो ।

उहाँको सन्देशमा भनिएको छ “हाम्रा सांस्कृतिक पर्वहरूले आपसी सद्भाव, सहिष्णुता, सामाजिक एकता र राष्ट्रिय पहिचानलाई अझ बलियो बनाएको उल्लेख छ ।“ नेपाल संवत् र राष्ट्रिय विभूति शंखधर साख्वाको योगदानको स्मरण गर्दै उहाँले यो संवत् हाम्रो मौलिकता र स्वाभिमानको परिचायक भएको बताउनुभएको छ।

दीपावली, म्ह पूजा र छठ पर्व जस्ता पर्वहरूले प्रकृति र मानवबीचको अन्योन्याश्रित सम्बन्धलाई उजागर गर्दै सकारात्मक ऊर्जा र समृद्धिको मार्गमा अग्रसर हुन प्रेरणा प्रदान गर्ने विश्वास उहाँले व्यक्त गर्नुभएको छ।

यसैगरी बागमती प्रदेश मुख्यमन्त्री किरण थापाले नारी शक्तिको सम्मान व्यवहारमै उतार्न अनुरोध गर्नुभएको छ ।

तिहारलाई उज्यालो, उमङ्ग र धनधान्यकी देवी लक्ष्मीको पूजा आराधना गर्ने पर्वका रूपमा मनाइँदै गर्दा बागमती प्रदेशका मुख्यमन्त्री थापा मगरले भने यस पर्वलाई महिला सम्मान र नारी शक्तिको महत्वसँग जोड्नुभएको हो । लक्ष्मीपूजाको अवसरमा शुभकामना सन्देश दिँदै मुख्यमन्त्री थापा मगरले तस्बिरमा सजिएकी लक्ष्मीको पूजा गर र मात्र नहुने भन्दै घरपरिवार र समाजमा रहेका महिलालाई पनि उत्तिकै आदर र सम्मान गर्न आग्रह गर्नुभएको छ । “तस्बिरकी लक्ष्मीको पूजा मात्र होइन, घर-समाजकी लक्ष्मीलाई पनि





आदर-सम्मान दिनुहोस’उहाँले भन्नुभएको छ ।

उहाँले संसारका तीन प्रमुख शक्ति बल, विद्या र धन रहेको उल्लेख गर्दै ती तीनै शक्ति स्त्री स्वरूपमा रहेको बताउनुभएको छ । बलकी प्रतीक पार्वती, विद्याकी प्रतीक सरस्वती र धनकी प्रतीक लक्ष्मीको उदाहरण दिँदै उहाँले नारी शक्तिको महत्त्व उजागर गर्नुभएको हो । “स्त्री शक्ति कमजोर छैन, कमजोर छ त केवल हामीभित्रको दृष्टिकोण र मानसिकता” मुख्यमन्त्री थापा मगरले भन्नुभएको छ, “त्यसैले आफ्नो मनोबल उच्च राखौं, स्त्री शक्तिको सम्मान गरौं ।” दर्शैंमा शक्तिको उपासना गरेर पर्व मनाएपछि तिहारमा लक्ष्मीको उपासना गर्ने परम्परालाई स्मरण गराउँदै उहाँले धार्मिक आस्था र व्यवहारबीच समानता हुनुपर्ने सन्देश दिनुभएको छ ।

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

अन्नबाली भण्डारण गर्दा ध्यान पुर्‍याऔं

किसानले वर्षभरि गरेको मेहनतको प्रतिफल हो अन्नबाली । खेतबारीमा पसिना बगाएर उत्पादन गरेको अन्न सुरक्षित राख्न नसक्दा किसानको श्रम र लगानी खेर जाने मात्र होइन, खाद्य सुरक्षामै चुनौती थपिन्छ। विशेषगरी धान, मकै, गहुँलगायतका अन्नबाली भित्र्याउँने र भण्डारण गर्ने समयमा सामान्य असावधानीले ठूलो क्षति निम्त्याउन सक्छ। त्यसैले उत्पादन बढाउने प्रयाससँगै उत्पादित अन्नको उचित संरक्षण र भण्डारणमा पनि उत्तिकै ध्यान दिन आवश्यक छ।

अन्नबाली भण्डारण गर्नुअघि राम्रोसँग सुकाउने, ओसिलोपन हटाउने र सफा तथा हावापानीको उचित आवागमन हुने स्थान छनोट गर्नुपर्छ। ओसिलो अन्न भण्डारण गर्दा ढुसी लाग्ने, कीरा तथा मुसाले क्षति पुर्‍याउने र खाद्यान्नको गुणस्तर घट्ने जोखिम हुन्छ। त्यस्तै, खाद्यान्न भण्डारण गर्ने भाँडा, बोरा र गोदाम सफा राख्ने, भुइँ र भित्ताको चिस्यानबाट जोगाउने तथा समयसमयमा निरीक्षण गर्ने बानी बसाल्नुपर्छ। विषादीको प्रयोगमा समेत आवश्यक सावधानी अपनाउनुपर्छ।

कृषि उत्पादनमा हुने क्षति न्यूनीकरण गर्न स्थानीय सरकारले किसानलाई सुरक्षित भण्डारणसम्बन्धी प्राविधिक ज्ञान, तालिम र आवश्यक सामग्री उपलब्ध गराउनुपर्छ। सामुदायिक तथा आधुनिक भण्डारण केन्द्र निर्माणमा पनि प्राथमिकता दिनुपर्छ। खाद्य सुरक्षा उत्पादनमा मात्र निर्भर हुँदैन, उत्पादित खाद्यान्न कति सुरक्षित राख्न सकियो भन्ने कुराले पनि निर्धारण गर्छ। खेतमा अन्न फलाएर मात्र किसानको मेहनत सफल हुँदैन, त्यसलाई उपभोगयोग्य अवस्थामा सुरक्षित राख्न सक्नुपर्छ। उत्पादनपछि हुने क्षति रोक्न नसक्ने हो भने उत्पादन वृद्धि गर्ने अभियान अधुरै रहन्छ। अन्नबालीको सुरक्षित भण्डारणलाई किसानको व्यक्तिगत सावधानीमा मात्र सीमित नराखी राज्यको कृषि नीति र खाद्य सुरक्षा योजनाको अभिन्न हिस्सा बनाउन आवश्यक छ।

राजनीतिक पुनर्जागरण र समाजवादको आधार निर्माण गर्न अभियान



पुष्कर कुमार अधिकारी

कृषि आधुनिकीकरण, औद्योगिक विकास, ऊर्जा उत्पादन, पर्यटन प्रवर्द्धन, स्थानीय उद्यमशीलता र राष्ट्रिय पुँजीको विकासलाई प्राथमिकतामा राख्नुपर्छ । राष्ट्रिय जागरण अभियानले राष्ट्रियता र अर्थतन्त्रबिचको यही अन्तरसम्बन्धलाई जनतासमक्ष स्पष्ट पार्न आवश्यक छ ।

नेपालको राजनीतिमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए पनि जनताको जीवनस्तरमा अपेक्षित सुधार नआउँदा निराशा बढेको छ।

महँगी, बेरोजगारी, भ्रष्टाचार र युवा पलायन जस्ता चुनौतीहरुको सामना गर्न नेपाली कम्युनिस्ट पार्टीले 'राष्ट्रिय जागरण अभियान' सञ्चालन गर्दैछ।

अभियानले जनताका समस्यालाई सम्बोधन गर्ने, नागरिक अधिकार सुदृढ गर्ने, राष्ट्रिय स्वाधीनता र आत्मनिर्भर अर्थतन्त्रमा जोड दिने तथा पार्टीको आन्तरिक समीक्षा र रुपान्तरणमा केन्द्रित हुनेछ। नेपालको राजनीति यतिबेला महत्त्वपूर्ण मोडमा उभिएको छ। राजनीतिक परिवर्तनका अनेकौं चरण पार गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । संविधानसभाबाट निर्मित संविधानले नागरिकका राजनीतिक, सामाजिक तथा आर्थिक अधिकारलाई संस्थागत गर्ने आधार तयार गरेको छ । तर राजनीतिक व्यवस्था परिवर्तनसँगै जनताको जीवनस्तर, आर्थिक अवस्था र सार्वजनिक सेवा प्रवाहमा अपेक्षित परिवर्तन आउन नसक्दा आम नागरिकमा निराशा र असन्तुष्टि बढ्दै गएको छ ।

महँगी, बेरोजगारी, भ्रष्टाचार, आर्थिक असुरक्षा, कमजोर सार्वजनिक सेवा प्रवाह र युवाहरुको बढ्दो विदेश पलायन आजका गम्भीर चुनौती हुन् । कृषि क्षेत्रमा संलग्न किसानले उत्पादनको उचित मूल्य र बजार पाउन सकेका छैनन् । श्रमिकले आफ्नो श्रमको उचित सम्मान खोजिरहेका छन् । निजी क्षेत्र लगानीमैत्री वातावरणको अभावबाट प्रभावित छ । यसले हाम्रो राजनीतिक र आर्थिक प्रणालीमाथि गम्भीर प्रश्न खडा गरेको छ ।

यस्तो परिस्थितिमा नेपाली कम्युनिस्ट पार्टीले २०८३ कात्तिक ७ गतेदेखि मङ्सिर २५ गतेसम्म 'राष्ट्रिय जागरण अभियान' सञ्चालन गर्दै छ । यसलाई एउटा पार्टीको सङ्गठनात्मक कार्यक्रमका रुपमा मात्र बुझ्नु पर्याप्त हुँदैन । यो बदलिँदो राजनीतिक परिस्थिति, जनताको बढ्दो अपेक्षा र कम्युनिस्ट आन्दोलनले सामना गरिरहेका चुनौतीबिच अघि सारिएको राजनीतिक पहल हो। यसको वास्तविक महत्त्व जनतासँगको सम्बन्धलाई पुनर्जीवित गर्ने, राष्ट्रिय मुद्दामा साझा चेतना निर्माण गर्ने र पार्टीलाई वैचारिक तथा सङ्गठनात्मक रुपमा रुपान्तरण गर्ने रहेको छ ।

परिवर्तन र जनताका अपेक्षा

नेपालको कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनले लामो संघर्ष, त्याग र बलिदानको इतिहास बोकेको छ । निरङ्कुश शासन व्यवस्थाविरूद्धका आन्दोलन, जनयुद्ध, जनआन्दोलन, शान्ति प्रक्रिया र संविधानसभामार्फत मुलुकले ऐतिहासिक राजनीतिक उपलब्धि हासिल गरेको हो । संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता र नागरिक अधिकार त्यसै सं·र्षका महत्वपूर्ण परिणाम हुन् ।

यी उपलब्धिहरुको रक्षा गर्नु आजको मुख्य साझा दायित्व हो । तर उपलब्धिको रक्षा गर्नु भनेको विगतको गौरवगाथा सुनाउनु मात्र होइन । ती उपलब्धिले आम नागरिकको जीवनमा कस्तो परिवर्तन ल्याए भन्ने प्रश्नको जवाफ दिनु पनि हो । राजनीतिक परिवर्तनपछि पनि जनताले सुशासन, सामाजिक न्याय, रोजगारी, गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा र आर्थिक समृद्धिको अनुभूति गर्न सकेनन् भने व्यवस्थाप्रतिको विश्वास कमजोर हुन सक्छ ।

त्यसैले अबको राजनीति, उपलब्धिको व्याख्यामा मात्र सीमित नभई उपलब्धिलाई नागरिकको दैनिक जीवनसँग जोड्ने दिशामा केन्द्रित हुनुपर्छ । यहींनेर नेपाली कम्युनिस्ट पार्टीले सञ्चालन गर्ने राष्ट्रिय जागरण अभियानको औचित्य देखिन्छ । यसले जनताका वास्तविक समस्या र राजनीतिक नेतृत्वका प्रतिबद्धताबिचको दूरी घटाउने प्रधान काम गर्नेछ ।

नागरिक अधिकारको सुनिश्चितता

लोकतन्त्र निर्वाचन र सरकार गठनको प्रक्रियामा मात्रै सीमित हुँदैन । लोकतन्त्रको वास्तविक सौन्दर्य नागरिकले स्वतन्त्र रुपमा बोल्न, प्रश्न गर्न, आलोचना गर्न र आफ्नो विचार व्यक्त गर्न पाउने वातावरणमा हुन्छ । फरक मतको सम्मान, विधिको शासन, स्वतन्त्र प्रेस र लोकतान्त्रिक संस्थाहरुको स्वायत्तता लोकतन्त्रका आधार स्तम्भ हुन् ।

वर्तमान राजनीतिक परिस्थितिमा नागरिक स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक संस्थाहरुको भूमिकालाई अझ सुदृढ बनाउनु आवश्यक छ । राजनीतिक असहमतिको सम्मान हुनुपर्छ । राज्यका निकायहरु संविधान र कानुनप्रति उत्तरदायी हुनुपर्छ । नागरिक अधिकारलाई कुनै पनि राजनीतिक शक्तिको सुविधाअनुसार व्याख्या गर्ने प्रवृत्ति लोकतान्त्रिक संस्कार हुन सक्दैन ।

संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशितालाई संस्थागत गर्दै संविधानको मर्मअनुसार राज्य सञ्चालन गर्नु आजको आवश्यकता हो । राष्ट्रिय जागरण अभियानले यी विषयमा नागरिक तहसम्म बहस र चेतना विस्तार गर्न सक्नुपर्छ ।

राष्ट्रिय स्वाधीनता र आत्मनिर्भर अर्थतन्त्र

राष्ट्रिय स्वाधीनता कुनै भौगोलिक सीमाको संरक्षणमा मात्र सीमित विषय होइन । आर्थिक, राजनीतिक र कूटनीतिक रुपमा स्वतन्त्र निर्णय गर्न सक्ने राष्ट्रिय क्षमता पनि स्वाधीनताको महत्त्वपूर्ण आधार हो । भूराजनीतिक प्रतिस्पर्धा बढिरहेको वर्तमान विश्व परिवेशमा नेपालले आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखेर सन्तुलित परराष्ट्र सम्बन्ध सञ्चालन गर्नुपर्छ ।

सबै मित्रराष्ट्रसँग समानता, पारस्परिक सम्मान र सहकार्यका आधारमा सम्बन्ध विकास गर्नुपर्छ । कुनै पनि बाह्य शक्तिको अनुचित दबाब वा हस्तक्षेपबाट राष्ट्रिय निर्णय प्रक्रियालाई मुक्त राख्नु राज्यको दायित्व हो । तर राजनीतिक स्वाधीनता आर्थिक आत्मनिर्भरताबिना बलियो हुन सक्दैन ।

आयातमा अत्यधिक निर्भर अर्थतन्त्र, कमजोर उत्पादन प्रणाली र सीमित रोजगारीका अवसरले राष्ट्रिय अर्थतन्त्रलाई कमजोर बनाउँछन् । त्यसैले कृषि आधुनिकीकरण, औद्योगिक विकास, ऊर्जा उत्पादन, पर्यटन प्रवर्द्धन, स्थानीय उद्यमशीलता र राष्ट्रिय पुँजीको विकासलाई प्राथमिकतामा राख्नुपर्छ । राष्ट्रिय जागरण अभियानले राष्ट्रियता र अर्थतन्त्रबिचको यही अन्तरसम्बन्धलाई जनतासमक्ष स्पष्ट पार्न आवश्यक छ ।

जनजीविकाको प्रश्न

राजनीतिको केन्द्रमा जनताको जीवन हुनुपर्छ । जनताको भान्सासँग नजोडिएको राजनीति, किसानको खेतसँग सम्बन्ध स्थापित गर्न नसक्ने सङ्गठन र युवाको भविष्यप्रति उत्तरदायी हुन नसक्ने नेतृत्वले दीर्घकालीन विश्वास आर्जन गर्न सक्दैन । आज देशलाई उत्पादनमुखी अर्थतन्त्रको आवश्यकता छ । कृषि उत्पादन बढाउने, किसानलाई उचित मूल्य र बजार सुनिश्चित गर्ने, साना तथा मझौला उद्योगलाई प्रोत्साहन गर्ने, श्रमिकको अधिकार संरक्षण गर्ने र युवालाई स्वदेशमै उद्यम तथा रोजगारीका अवसर उपलब्ध गराउने नीति आवश्यक छ ।

स्थानीय तहमा उपलब्ध प्राकृतिक स्रोत, श्रम, सीप, संस्कृति र सम्भावनाको उपयोग गरेर आर्थिक गतिविधि विस्तार गर्न सकिन्छ । गाउँमा उत्पादन र रोजगारीका अवसर सिर्जना गर्न सके मात्रै बसाइँसराइ र वैदेशिक पलायनलाई कम गर्न सकिन्छ ।

यसका लागि राजनीतिक दलहरुले विकासका ठुला आश्वासनभन्दा स्थानीय *बाँकी पेज ४*

सहीखबर

सहीवार्ता
www.saheekhabar.com

२०८३ कात्तिक २६ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

३ करोड लगानीमा महिलामैत्री पार्क निर्माण हुँदै



मकवानपुर । मकवानपुरको हेटौँडा उपमहानगरपालिकाले महिलालाई प्राथमिकतामा राखेर महिलामैत्री पार्क निर्माण गरिरहेको छ।

महिलालाई दैनिक कामको व्यस्तताबाट केही समय निकालेर विश्राम गर्ने, मनोरञ्जन गर्ने र सामुदायिक गतिविधिमा सहभागी हुने अवसर उपलब्ध गराउने उद्देश्यले उपमहानगरपालिकाले पार्क निर्माण गरिरहेको हो।

हेटौँडा उपमहानगरपालिकाकी नगरप्रमुख मीना कुमारी लामाको पहलमा हेटौँडा-८ कमानेस्थित पुरानो पार्कलाई व्यवस्थित र सुविधासम्पन्न महिलामैत्री पार्कका रूपमा विकास गर्न लागिएको हो। उपमहानगरपालिकाको स्वामित्वमा रहेको ११ कट्ठा जग्गामा पार्क निर्माण भइरहेको छ।

३ करोड ५ लाख रुपैयाँ लागतमा निर्माण भइरहेको पार्कमा हेटौँडा उपमहानगरपालिकाको ३० प्रतिशत र संयुक्त राष्ट्रसंघीय परियोजना सेवा कार्यालय (युएनओपीएस) को ७० प्रतिशत लगानी रहेको छ।

आगामी मंसिरसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको पार्कलाई महिलाका लागि विश्राम र मनोरञ्जनको स्थलका रूपमा मात्र नभई सामुदायिक गतिविधि तथा सामाजिक अन्तरक्रियाको केन्द्रका रूपमा समेत विकास गर्ने योजना छ।

नगरप्रमुख लामाका अनुसार हेटौँडाका महिलाले उत्पादन गरेका सामग्री राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुगिरहेको अवस्थामा महिलाको उद्यमशीलता विकाससँगै उनीहरूको व्यक्तिगत जीवन र मनोरञ्जनलाई पनि प्राथमिकता दिन आवश्यक देखिएको हो।

दिनभर घरायसी तथा व्यावसायिक काममा व्यस्त रहने महिलाले आफ्नो लागि समय निकाल्न सकून् र केही समय पार्कमा बिताएर ताजगी महसुस गर्न सकून् भन्ने उद्देश्यले पार्क निर्माण थालिएको उनी बताउँछिन्।

पार्कमा बालबालिकाका लागि खेल्ने स्थान, महिलाका लागि स्तनपान कक्ष, खुला व्यायामशाला, फुटसललगायतका संरचना निर्माण भइरहेको छ। त्यस्तै, अपाङ्गता भएका व्यक्तिका लागि सहज पहुँच हुने पूर्वाधारसमेत तयार गरिने नगरप्रमुख लामाको भनाइ छ।

महिलामैत्री पार्क निर्माणमा सहकार्य गरिरहेको युएनओपीएसकी सम्पदा थापामगरका अनुसार सार्वजनिक पार्कमा सामान्यतया पुरुषको उपस्थिति बढी देखिने गरेकाले महिलालाई विशेष प्राथमिकता दिने उद्देश्यले यसलाई महिलामैत्री पार्क नामकरण गरिएको हो।

तर, नाम महिलामैत्री भए पनि पार्क सबै उमेर, वर्ग र समुदायका व्यक्तिका लागि खुला रहनेछ। महिलालाई प्राथमिकतामा राख्दै सबैको आवश्यकता सम्बोधन हुने गरी समावेशी संरचना निर्माण गरिने उनको भनाइ छ।

पार्कमा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई समेत लक्षित गरी आवश्यक पूर्वाधार निर्माण भइरहेको छ। युएनओपीएसको सहकार्यमा नेपालका विभिन्न नगरपालिकामा महिलामैत्री सहर निर्माणको कार्यक्रमसमेत सञ्चालन भइरहेको छ। पहिलो चरणमा पाँचवटा नगरलाई महिलामैत्री सहर बनाउने लक्ष्यसहित सुरु भएको कार्यक्रमलाई पछिल्लो समय विस्तार गर्दै हेटौँडा र तिलोत्तमालाई समेत समावेश गरिएको युएनओपीएस परियोजनाले जनाएको छ।

हाल हेटौँडा र तिलोत्तमासहित वीरेन्द्रनगर, चन्द्रागिरि, सुनवल, लम्कीचुहा, तानसेन र धनगढी नगरपालिकामा महिलामैत्री सहर निर्माणसम्बन्धी काम अघि बढिरहेको छ। यस कार्यक्रमअन्तर्गत सार्वजनिक स्थल तथा पूर्वाधारलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिसमेतका लागि सहज, सुरक्षित र पहुँचयोग्य बनाउने लक्ष्य राखिएको छ। हेटौँडामा निर्माण भइरहेको महिलामैत्री पार्क पनि यही अभियानको एक हिस्सा हो।

हेटौँडा-८ कमानेमा निर्माण भइरहेको पार्कलाई अन्य क्षेत्रमा समेत विस्तार गर्ने उपमहानगर पालिकाको योजना छ। नगरप्रमुख लामाका अनुसार हेटौँडाको हुप्राचौरमा पनि महिलामैत्री पार्क निर्माणको प्रक्रिया अघि बढाइएको छ भने अन्य केही वडामा समेत यस्ता पार्क निर्माण गर्ने तयारी भइरहेको छ।

स्वतन्त्र प्रेसविना लोकतन्त्र बलियो हुँदैन: प्रदेश प्रमुख देवकोटा



मकवानपुर । बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले स्वतन्त्र प्रेसविना लोकतन्त्र बलियो हुन नसक्ने बताएका छन् । उनले प्रेस स्वतन्त्र भएमा मात्र मुलुकमा लोकतान्त्रिक व्यवस्था सुदृढ हुने बताए ।

हेटौँडामा प्रेस चौतारी नेपाल मकवानपुरले आयोजना गरेको चाडपर्वलक्षित शुभकामना आदानप्रदान कार्यक्रमको उद्घाटन गर्दै प्रदेश प्रमुख देवकोटाले पत्रकारिताले गर्ने आलोचना लोकतन्त्रको सुन्दर पक्ष भएको बताए ।

पत्रकारिता समाचार लेख्ने माध्यम मात्र नभई समाजलाई सकारात्मक दिशातर्फ अघि बढाउने महत्वपूर्ण क्षेत्रसमेत भएको उनको भनाइ थियो । पत्रकारिताले समाजमा सकारात्मक परिवर्तन ल्याउन र लोकतान्त्रिक मूल्यमान्यताको संरक्षणमा भूमिका खेल्नुपर्ने उनले बताए ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री एकालाल श्रेष्ठ, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्णसारू मगर, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य पुष्पराज अधिकारी, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रम प्रेस चौतारी नेपाल मकवानपुरकी अध्यक्ष सरिता दहालको अध्यक्षतामा सम्पन्न भएको थियो ।

जिल्लाकै सर्वाधिक राशीको पुरस्कार पत्रकार शिवाकोटीलाई



मकवानपुर । मकवानपुर जिल्लाकै सर्वाधिक राशीको पत्रकारिता पुरस्कारबाट सुदीप शिवाकोटी सुम्मानित भएका छन् ।

नेपाल प्रेस युनियन मकवानपुर शाखाले स्थापना गरेको 'स्वर्गीय सीतादेवी स्मृति प्रेस युनियन पत्रकारिता सम्मान २०८३' बाट शिवाकोटी पुरस्कृत भएका हुन् ।

प्रेस युनियन मकवानपुरले शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रममा प्रेस युनियन मकवानपुरका सदस्य एवम् कान्तिपुर मिडिया ग्रुपका अमेरिका संवाददाता शिवाकोटीलाई युनियन मकवानपुरका अध्यक्ष सुवास विडारी, केन्द्रिय अध्यक्ष शिव लम्साल लगायतले नगद र सम्मानपत्र हस्तान्तरण गरेका छन् ।

उक्त पुरस्कार स्थापनाको लागि गैरआवासीय नेपाली अन्तर्राष्ट्रिय संघ (एनआरएनए) का केन्द्रीय संस्थापक सचिव चिरञ्जीवी ढकाल (हाल यूके) ले गरेका थिए ।

शिवाकोटी पत्रकारिता क्षेत्रमा लामो समयदेखि सक्रिय छन् । उनी प्रेस युनियन मकवानपुरका सदस्य एवम् कान्तिपुर मिडिया ग्रुपका अमेरिका संवाददाता, नेपाल पत्रकार महासंघका पूर्व बागमती प्रदेश सदस्य तथा मकवानपुर शाखाका पूर्व कोषाध्यक्ष समेत हुन् ।

उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार उपभोक्ता संरक्षण सम्बन्धी कानूनको पालना गरौं । उपभोक्ताहरुले पनि आफ्नो अधिकारको लागि खबरदारी जारी राखौं । उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि नोक्सानीबाट क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्था कार्यान्वनको लागि हातेमालो गरौं ।

सार्वजनिक हितको लागि सहीखबर

नेपाल संवत्को अवसरमा हेटौँडामा सांस्कृतिक झाँकी



◯ सहीखबर संवाददाता

मकवानपुर । राष्ट्रिय विभूति शंखधर साख्वाले सुरू गरेको नेपालको मौलिक संवत् 'नेपाल संवत् ११४७' को अवसरमा बागमती प्रदेशको राजधानी हेटौँडामा विभिन्न कार्यक्रम आयोजना गरी नयाँ वर्ष मनाइएको छ।

नेपाल संवत्को स्वागतार्थ स्थानीय नेवार समुदायको अगुवाइमा बिहानै प्रभातफेरी तथा सांस्कृतिक झाँकी प्रदर्शन गरिएको थियो।

परम्परागत भेषभूषा र मौलिक बाजागाजासहित निकालिएको झाँकीले हेटौँडा बजार का विभिन्न भागको परिक्रमा गरेको थियो। सोही अवसरमा युवाहरुको सहभागितामा विशेष मोटर साइकल र्यालीको समेत आयोजना गरिएको थियो।

नगर परिक्रमापछि आयोजित औपचारिक सभामा सहभागीहरुले आपसमा शुभकामना आदानप्रदान गरे। कार्यक्रममा वक्ताहरुले शंखधर साख्वाले गरिब जनताको ऋण मोचन गरी सुरू गरेको नेपाल संवत् सम्पूर्ण नेपालीको साझा र मौलिक संवत् भएको उल्लेख गर्दै यसको ऐतिहासिक महत्त्ववारे चर्चा गरे।

बागमती प्रदेश सरकारले सरकारी कामकाजमा समेत नेपाल संवत्लाई प्रयोगमा ल्याउन थालेको सन्दर्भमा यस वर्षको नयाँ वर्ष हेटौँडामा अझ बढी उत्साहका साथ मनाइएको हो। कार्यक्रममा विभिन्न संघसंस्थाका प्रतिनिधि, बुद्धिजीवी, स्थानीय बासिन्दा तथा नेवार समुदायका अगुवाहरुको उपस्थिति रहेको थियो।

'सरकारले भाषा, साहित्य र संस्कृतिको संरक्षणलाई प्राथमिकतामा राखेको छ'

◯ सहीखबर संवाददाता

भक्तपुर । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले नेपाल भाषा र तामाङ भाषालाई प्रदेशमा सरकारी कामकाजको भाषाका रुपमा प्रयोग गर्ने कानुनी व्यवस्था गरिएको बताएका छन्।

भक्तपुरमा राष्ट्रिय विभूति शंखधर साख्वा: प्रतिष्ठानले नेपाल संवत् ११४७ नयाँ वर्षको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उनले प्रदेश सरकारले भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनलाई प्राथमिकतामा राखेको बताएका हुन् ।

मुख्यमन्त्री थापा मगरले बागमती प्रदेश सरकारले नेपाल भाषा र तामाङ भाषालाई सर कारी कामकाजमा प्रयोग गर्ने गरी ऐन निर्माण गरी कार्यान्वयनको प्रक्रिया अघि बढाएको जानकारी दिए। बहुभाषिक र बहुजातीय मुलुकमा प्रदेशको भाषिक तथा सांस्कृतिक पहिचानलाई सरकारी मान्यता दिनु सं्रीयताको महत्त्वपूर्ण उपलब्धि भएको उनको भनाइ छ।

बागमती प्रदेश सरकारले भाषा, साहित्य, कला र संस्कृतिको उत्थानका लागि हरेक वर्ष बजेट विनियोजन गर्दै आएको उनले बताए। सोही क्रममा श&धर साख्वा: प्रतिष्ठानको सङ्ग्रहालय निर्माण, संरक्षण र विकासका लागि समेत प्रदेश सरकारले बजेट छुट्याएको उनले जानकारी दिए।

बागमती प्रदेशका १३ वटै जिल्लामा शंघधर साख्वाको योगदान र पहिचानलाई स्थापित गर्नुपर्ने उल्लेख गर्दै उनले यस वर्ष दोलखा जिल्लामा शंखधर साख्वा: प्रतिष्ठान निर्माणका लागि समेत बजेट विनियोजन गरिएको बताए। नेपाल बहुभाषिक र बहुजातीय मुलुक भएकाले हरेक भाषा, संस्कृति र परम्पराको आफ्नै मौलिक महत्त्व रहेको उनको भनाइ छ।

'राष्ट्रिय विभूति शंघधर साख्वा:ले सर्वसाधारण जनतालाई ऋणमुक्त गराई मानवता, परोपकार र सामाजिक सेवाको अनुपम उदाहरण प्रस्तुत गर्नुभएको थियो,' मुख्यमन्त्री थापा मगरले भने, 'उहाँको यही महान् योगदानका कारण नेपाल संवत् हाम्रो मौलिक राष्ट्रिय पहिचान र गौरवको प्रतीक बनेको छ।'

'नेपाल बहुभाषिक, बहुजातीय र बहुसांस्कृतिक मुलुक हो,' उनले थपे, 'प्रत्येक भाषा र संस्कृतिको आफ्नै मौलिक महत्व छ।'

'बागमती प्रदेश सरकारले भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि निरन्तर बजेट विनियोजन गर्दै आएको छ,' मुख्यमन्त्रीले भने, 'शंघधर साख्वा: प्रतिष्ठानको संरक्षण, सङ्ग्रहालय निर्माण तथा विकासका लागि समेत प्रदेश सरकारले सहयोग गरेको छ।'

'साथै, दोलखा जिल्लामा पनि शंघधर साख्वा: प्रतिष्ठान निर्माणका लागि बजेट विनियोजन गरिएको छ,' उनले थपे, 'बागमती प्रदेश सरकारले नेपाल भाषा र तामाङ भाषालाई सरकारी कामकाजको भाषाका रुपमा प्रयोग गर्ने कानुनी व्यवस्था गर्नु ऐतिहासिक उपलब्धि हो।' 'यो सं्रीयताको मर्मअनुरुप स्थानीय भाषा, संस्कृति र पहिचानको संरक्षण गर्ने महत्त्वपूर्ण कदम हो,' मुख्यमन्त्रीले बताए।

शंघधर साख्वाले ११४७ वर्षअघि ऋणमा डुबेका सर्वसाधारणलाई ऋणमुक्त गराएर गरेको परोपकारी कार्य सामाजिक सेवाको महत्त्वपूर्ण उदाहरण भएको उल्लेख गर्दै उनले योगदानको संरक्षण र प्रचारप्रसारमा प्रतिष्ठानले खेलेको भूमिकाको प्रशंसा गरे।

राजनीतिक पुनर्जागरण...

पेज ३ को बाँकी

आवश्यकता र सम्भावनामा आधारित व्यावहारिक कार्यक्रम अघि सार्नुपर्छ । जनताको समस्या अभिलेख गर्ने, सम्बन्धित सरकारी निकायमा पुऱ्याउने, समाधानका लागि पहल गर्ने र परिणामको सार्वजनिक समीक्षा गर्ने प्रणाली विकास गर्नु आवश्यक छ ।

आत्मसमीक्षा र रुपान्तरण

राष्ट्रिय जागरण अभियानको अर्को महत्त्वपूर्ण पक्ष नेपाली कम्युनिस्ट आन्दोलनको आन्तरिक समीक्षा हो । विगतमा कम्युनिस्ट आन्दोलनले सामाजिक न्याय, वर्गीय मुक्ति, राष्ट्रियता र लोकतान्त्रिक परिवर्तनका पक्षमा महत्त्वपूर्ण योगदान गरेको छ । तर इतिहासको गौरवले वर्तमानका कमजोरीलाई ढाक्न सक्दैन ।

कम्युनिस्ट पार्टीको वास्तविक शक्ति किसान, मजदुर, श्रमजीवी वर्ग, उत्पीडित समुदाय र परि वर्तनका पक्षधर जनतासँगको सम्बन्धमा निहित हुन्छ । जब पार्टी जनताको दैनिक जीवनबाट टाढिन्छ, सङ्गठनमित्र जनमुखी कार्यशैली कमजोर हुन्छ र विचारभन्दा पद तथा प्रतिष्ठाको प्रतिस्पर्धा हाबी हुन्छ, तब राजनीतिक विश्वास पनि कमजोर हुँदै जान्छ ।

त्यसैले पार्टीले आफ्ना विगतका उपलब्धिको रक्षा गर्दै कमजोरीप्रति इमानदार आत्मसमीक्षा गर्नुपर्छ । नेतामुखीभन्दा जनमुखी, केन्द्रमुखीभन्दा स्थानीय आवश्यकतामा आधारित र औपचारिक सङ्गठनात्मक गतिविधिभन्दा परिणाममुखी कार्यशैली विकास गर्नुपर्छ । कार्यकर्ताको व्यवहारमा विनम्रता, नेतृत्वमा जबाफदेहिता, सङ्गठनमा पारदर्शिता र निर्णय प्रक्रियामा सामूहिकता स्थापित हुनुपर्छ ।

आलोचनालाई शत्रुता होइन, सुधारको अवसरका रुपमा ग्रहण गर्न सक्नुपर्छ । पार्टी रुपान्तरणको अर्थ नाम, संरचना वा नेतृत्व परिवर्तन मात्र होइन विचार, व्यवहार, कार्यशैली र जनताप्रतिको उत्तरदायित्वमा परिवर्तन आउनु हो।

नाराबाट व्यवहारतर्फ

नेपालको संविधानले समाजवादउन्मुख राज्य निर्माणको परिकल्पना गरेको छ । यसलाई व्यवहार मा रुपान्तरण गर्नु आजको महत्त्वपूर्ण राजनीतिक तथा आर्थिक कार्यभार हो । समाजवाद भनेको केवल राज्यको स्वामित्व विस्तार गर्नु वा राजनीतिक भाषणमा समाजवादको चर्चा गर्नु मात्र होइन । यसको मूल उद्देश्य आर्थिक असमानता न्यूनीकरण, श्रमको सम्मान, अवसरको न्यायपूर्ण वितरण, शिक्षा र स्वास्थ्यमा समान पहुँच तथा उत्पादनका साधन र स्रोतसाधनको न्यायोचित उपयोग सुनिश्चित गर्नु हो । समाजवाद निर्माणका लागि बलियो राष्ट्रिय उत्पादन प्रणाली, रोजगारी सिर्जना, सार्वजनिक सेवाको गुणस्तर सुधार, सामाजिक सुरक्षा र आर्थिक अवसरमा समानता आवश्यक हुन्छ । राज्य, निजी क्षेत्र, सहकारी र समुदायबिचको उचित समन्वयबाट उत्पादन र सामाजिक न्यायलाई सँगसँगै अघि बढाउनुपर्छ । यसका साथै पार्टीका नेता तथा कार्यकर्ताले श्रम र उत्पादनसँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्नुपर्छ । श्रमलाई सम्मान गर्ने र सामूहिक उत्पादन तथा सामाजिक सेवामा सहभागी हुने राजनीतिक संस्कार विकास नगरी समाजवादको आधार बलियो हुन सक्दैन ।

अभियानको सफलता

कुनै पनि राजनीतिक अभियानको सफलता त्यसको उद्घाटन, सभा, जुलुस र सहभागिताको संख्याले मात्र निर्धारण गर्दैन । अभियानले नागरिकमा कस्तो चेतना निर्माण गऱ्यो, जनताका समस्या समाधानका लागि कस्तो पहल गऱ्यो, सङ्गठनको कार्यशैलीमा कस्तो सुधार ल्यायो र राजनीतिक विश्वास कति पुनर्स्थापित गर्न सक्यो भन्ने आधारमा मूल्याङ्कन हुनुपर्छ ।

यस अभियानलाई सफल बनाउन पार्टीका केन्द्रीय नेतादेखि स्थानीय कार्यकर्तासम्म जनताको बिचमा पुग्नुपर्छ । जनताको कुरा धैर्यपूर्वक सुन्ने, आलोचना स्वीकार गर्ने र प्रतिबद्धताअनुसार काम गर्ने संस्कार विकास गर्नुपर्छ । विशेषगरी युवा पुस्तासँगको संवादलाई प्राथमिकता दिनुपर्छ । नयाँ पुस्ताले राजनीति र नेतृत्वप्रति उठाएका प्रश्नलाई अस्वीकार गरेर होइन, तिनको उचित जवाफ र व्यवहारिक समाधान प्रस्तुत गरेर विश्वास जित्न सकिन्छ ।

महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, श्रमिक तथा अन्य सीमान्तकृत समुदायको सहभागिता र प्रतिनिधित्वलाई अर्थपूर्ण बनाउनुपर्छ । विपद् प्रभावित नागरिकको खोज, उद्धार, राहत र पुनर्स्थापनाका विषयमा राज्यलाई जबाफदेही बनाउन पनि राजनीतिक दलहरुको सक्रिय भूमिका आवश्यक छ । जनताको सङ्कटमा साथ दिन नसक्ने राजनीति जनताको विश्वासको हकदार हुन सक्दैन ।

अन्त्यमा, राष्ट्रिय जागरण अभियान नेपाली कम्युनिस्ट पार्टीका लागि आफ्नो राजनीतिक औचित्यलाई नयाँ परिस्थितिमा पुनर्स्थापित गर्ने महत्त्वपूर्ण अवसर हो । यो अवसरलाई केवल सङ्गठन विस्तार वा राजनीतिक उपस्थिति प्रदर्शनमा सीमित गरियो भने अभियानको मूल उद्देश्य अधुरो रहनेछ।

तर जनताका वास्तविक समस्या पहिचान गर्ने, समाधानका लागि निरन्तर पहल गर्ने, राष्ट्रिय मुद्दामा जनमत निर्माण गर्ने र पार्टीलाई वैचारिक तथा व्यवहारिक रुपमा रुपान्तरण गर्ने दिशामा अघि बढाउन सकियो भने यसले सकारात्मक राजनीतिक परिणाम दिन सक्छ ।

आज देशलाई आरोप प्रत्यारोप र राजनीतिक ध्रुवीकरणभन्दा माथि उठेर राष्ट्रिय हितका साझा मुद्दामा सहकार्य गर्ने राजनीतिक संस्कार चाहिएको छ।

लोकतन्त्रको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, आर्थिक आत्मनिर्भरता, सामाजिक न्याय र समाजवाद निर्माणका विषय कुनै एउटा दलका मात्र एजेन्डा होइनन् यी सम्पूर्ण राष्ट्रका साझा सरोकार का विषय हुन्।

राजनीतिक दलहरुले जनताको विश्वास भाषणबाट होइन, कामबाट जित्नुपर्छ। जनताको आवाज सुन्ने, उनीहरुको पीडामा साथ दिने र परिवर्तनको अनुभूति दिलाउने राजनीति नै दिगो राजनीतिको आधार हो । अन्ततः राष्ट्रिय जागरण अभियानको सार जनतालाई राजनीतिको दर्शक बनाउने होइन, परिवर्तन प्रक्रियाको सक्रिय सहभागी बनाउनु हो ।

जनताको विश्वास, सहभागिता र श्रमलाई केन्द्रमा राखेर मात्रै समृद्ध, न्यायपूर्ण, आत्मनिर्भर र समाजवादउन्मुख नेपालको निर्माण सम्भव हुनेछ।

राष्ट्रिय जागरण अभियान सफल हुनु भनेको एउटा राजनीतिक कार्यक्रम सफल हुनु मात्र होइन, जनमुखी राजनीति र जिम्मेवार राजनीतिक संस्कृतिको पुनर्जागरण हुनु हो।

(अधिकारी नेपाली कम्युनिस्ट पार्टी बागमती प्रदेश समिति सदस्य हुन्।)

ऐतिहासिक सुरुङ अवलोकनकर्ताको...



पेज १ को बाँकी

सुरुङलाई पर्यटकीय स्थलका रुपमा सञ्चालन गर्न कार्यविधि निर्माण गरेको छ । उक्त कार्यविधिमा सुरुङ अवलोकन

गर्न आउने नेपालीलाई ५० रुपैयाँ र विदेशीलाई १० ० रुपैयाँ शुल्क लाग्ने उल्लेख छ । विद्यार्थीहरुलाई १० रुपैयाँ प्रवेश शुल्क लाग्ने छ । पाँच वर्ष मुनिका बालबालिका, अपाङ्ग र जेष्ठ नागरिकले नि:शुल्क अवलोकन गर्न पाउने छन् । यसैगरी चलचित्र, म्युजिक भिडियो निर्माणको लागी १ हजार शुल्क तोकिएको छ ।

सवारी प्रवेश गर्न नमिल्ने, पैदलै यात्रा गरेर अवलोकन गर्नको लागि यो सुरुङ मार्ग खुला गरिएको हो । वीरगंज नाकाबाट मकवानपुर प्रवेश गर्न मुख्य राजमार्ग भएकोले बाह्य पर्यटकहरुको पनि अपेक्षा गरि पनि २३ महिनामा विदेशी पर्यटक आएकै छैनन् ।

पर्यटनबारे प्याकेज कार्यक्रम नहुदा समस्या

उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको पर्यटकीय क्षेत्रको एकिकृत कार्यक्रम बनाउन नसक्दा यो समस्या भएको हो । “समस्याको कारण आभाष गरेका छौ, मनन भएको छ” उपमहानगर पालिकाका शाखा अधिकृत (अधिकृत स्तर सातौं) जगन्नाथ सापकोटा भन्नुहुन्छ “यो सुरुङमा अन्य संरचना राख्नेभन्दा पनि यसको ऐतिहासिक पाटो बारे प्रचारप्रसार नै भएन, हामी यसबारे पनि सोच्दैछौ ।” कार्यविधिमा केही संशोधन र नगरको पर्यटकीय स्थलहरुको एकीकृत कार्यक्रम बनाउने तयारीमा उपमहानगर रहेको सापकोटाले बताउनुभयो ।

इतिहास

सुरुङमार्ग पुनर्निर्माणको लागि २०७८ साउन १४ गते शिलान्यास गरिएको थियो भने २०८१ पुस ८ गतेबाट सर्वसाधारणको लागि खुला गरिएको हो । बागमती प्रदेश सरकारले पुनर्निर्माणपछि यो स्थानीय तह हेटौंडा उपमहानगरपालिकालाई हस्तान्तरण गरिएको थियो । राजधानी काठमाडौंलाई मकवानपुरको हेटौंडा हुँदै तराई जोड्न चन्द्र शम्मशेरको पालामा निर्माण गरिएको चुरियामाई सुरुङ मार्ग पुनर्निर्माणपछि सर्वसाधारणले तोकिएको शुल्क तिरेर वारपार गर्न, अवलोकन गर्न खुला छ ।

ऐतिहासिक सुरुङ मार्गको एउटा खण्ड करिब ४० मिटर भत्किएको थियो । त्यसलाई मर्मत गरेर वारपार गर्न सक्ने बनाइएको हो । ऐतिहासिक यो सुरुङ मार्गमा २०२० सालसम्म सवारी नै आवतजात हुने गर्दथे । अहिले यसलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न लगानी गरिएको हो ।

चुरियामाई सुरुङ विक्रम संवत १९७४ मै बनेको थियो । नेपालका प्रथम स्नातक इन्जिनियर भनिने ब्रिगेडियर जनरल डिल्लीजंग थापाले ५ सय मिटर लम्बाइको यो सुरुङ मार्ग डिजाइन गरेका थिए । चुरे पर्वतमा बनेको यो सुरुङ मार्ग साढे २ मिटर चौडाइ, ३ मिटर उचाइ र ५०० मिटर लम्बाइको छ । जसको एकापट्टिको भाग पुरिएपछि मार्गको करिब २ सय ८० मिटर मात्र बाँकी रहेको थियो ।

माटो, इँटा, चुना र सुर्की प्रयोग गरी निर्माण गरिएको यो सुरुङ मार्गबारे स्वीस भूगर्भविद टोनी हेगनले आफ्नो पुस्तक “दी हिमालयन किंडम अफ नेपाल”मा पनि चर्चा गरेका छन् ।

राणाकालमा रक्सौलबाट बाराको अमलेखगञ्जसम्म रेल चल्थ्यो, त्यहाँबाट मकवानपुरको भीमफेदीसम्म बनाइएको सडकमार्गमा चुरे पहाड छिचोल्दै हेटौंडा छिर्न समस्या थियो । चुरे पर्वत फोरेर घुमाउरो बाटो बनाउनुको विकल्पमा यो सुरुङमार्गबाट सीधा मार्ग खनेर गाडी चलाइएको थियो । यही सुरुङ मार्ग हुँदै चल्ने गाडीहरुले मकवानपुरको तत्कालिन सदरमुकाम भीमफेदीसम्म समान ल्याउँथे । काठमाडौंसम्म जोडिने सडक नभएकाले भीमफेँदीबाट भरिया लगाएर काठमाडौंसम्म पुऱ्याइन्थ्यो ।

प्रजातन्त्र पुनर्स्थापनापछि त्रिभुवन राजपथ बन्यो । त्यसैबीचमै यो सुरुङ मार्गको बीच खण्डमा विष्फोट गराएर भत्काएर त्यसैमाथि सडक बनाइएको थियो । २०७२ सालको भुकम्पले यसका अझै बढी क्षति गराएपछि सुरुङमार्ग गुमानाम बन्दै आएको थियो । प्रदेश सरकारले त्रिभुवन राजपथको बक्स कटिङ रोडदेखि दक्षिणतिरको भागमा धसिएको स्थान मर्मत गरेर सुरुङ मार्ग खुलाइएको हो ।

पुरानो सुरुङ मार्गको २० मिटर जति भाग धसिएको अनुमान गरी मर्मतका लागि डीपीआर निर्माण गरिएको थियो । तर मर्मत सुरु गरेपछि ४० मिटर भाग धसिएको पाइएको थियो ।

यसैगरी सुरुमा १९८ मिटर लम्बाइमा पुनर्निर्माण गर्नुपर्ने पूर्वानुमान भए पनि मर्मत गर्दै जाँदा

पौडी सिक्दाको अनुभव



विद्यार्थीको कलम

कस्यप गौतम कक्षा ६



मलाई पौडी खेल्ने इच्छा सानैदेखि थियो । तर कोरोना महामारी र विद्यालयको व्यस्तताले गर्दा पुरा हुन सकेको थिएन । तर यसपालि विद्यालयको गर्मीको बिदामा पौडी खेल्न, सिक्ने मौका मिल्यो ।

गर्मी बिदा भए पछि म बिहान उठ्ने बित्तिकै पौडीबारे सोच्न थाले । म बस्ने ठाउँबाट पौडी सिक्ने ठाउँ दुरी आधा घण्टाको थियो । म आमाको साथ पौडी खेल्न सिकाउने ठाउँमा गएँ । पौडी सिक्नु भन्दा अगाडि एउटा फाराम भर्नु पर्दो रहेछ र आवश्यक सामाग्री पनि किन्नुपर्दो रहेछ । आमाले चश्मा, टोपी र स्वीमिङ कस्टम किनिदिनु भयो ।भर्ना भएको भोलिपल्टदेखि म पौडी सिक्न जान थाले । मलाई पौडी सिकाउने गुरूले स्वीमिङ पुलमा पस्न भन्नु भयो । सुरूमा स्वीमिङ पुलको पानी छुने बित्तिकै म डुब्छु कि भनेर डर लाग्यो । आखिरमा बच्चाबच्चीलाई सिकाइने त्यो पुल जम्मा तीन फिटको रहेछ ।

पुल भित्र पसेपछि मेरो सरले मलाई पानीमा हिँड्न लगाउनु भयो । यो गुरूले मेरो मनोबल बढाउन गर्नु भएको रहेछ । त्यसपछि वेला आयो, आफ्नो पुरै जिउ पानीमित्र हुल्ने । पानीमित्र मुख छिराउँदा सास रोक्नुपर्छ भन्ने कुरा त्यो वेला मलाई थाहा भएन । त्यसैले, मैले अलिकति पानी खाएँ ।म धेरै आत्तिएँ ।

पछि त्यहाँ खेल्ने दाइ दिदीहरुले पानीमित्र मुख पसाउँदा सास रोक्नुपर्छ भन्नु भयो । त्यसपछि मैले अलिकति पौडी खेल्न सिके । मेरो पौडी खेल्न सिक्ने पहिलो दिन उत्साहका साथ रमाइलोसँग बित्यो । बिस्तारै बिस्तारै मैले पौडी खेल्न सिक्दै गएँ । पानीसँगको डर केही मात्रामा हराएर गयो । तर केही दिनपछि मलाई अर्को कुराबाट डर लाग्न थाल्यो, त्यो थियो गहिरो पानीमा जाने । एक दिन सरले मलाई सात फिटको पुलमा लग्नु भयो । त्यो दिन म डराएको देखेर मेरो सरले मलाई अझै तीन दिन ३ फिटमा नै पौडी खेल्न लगाउनु भयो ।

तीन दिन पछि म फेरि त्यही ७ फिटको गहिरो पुलमा पुगे । तर यसपालि मेरो मनोबल बढाउन मेरा बाबा र मसँगै पौडी खेल्ने दाइ दिदीहरु पनि हुनुहुन्थ्यो । मेरो सरले मलाई त्यो गहिरो पुलमा उफ्रिन लगाउनु भयो । दुई तीन चोटि त्यसरी नै उफ्रिएपछि मेरो मनोबल अलिकति बढ्यो ।

त्यसपछि मैले २५ मिटर एक चोटिमै ब्रेस्ट स्ट्रोक गरेर पार गरे । त्यो गरी सकेपछि मेरो गहिरो पानीमा खेल्ने डर हट्यो । आजकाल त म एउटा खप्पिस खेलाडीजस्तै पौडी खेल्छु । डर भन्ने कुरा पनि अज्ञान नै रहेछ भन्ने कुरा थाहा पाएँ ।

पौडी एउटा खेल हुँदाहुँदै शारीरिक व्यायाम पनि हो । पौडी खेल्दा शरीरका मांसपेशीको व्यायामको कारण स्वस्थ शरीर, बलियो मुटु र बलियो फोक्सो हुने गर्दछ । यसका साथै मानसिक तनावलाई कम गर्न पनि अत्यन्तै मद्दत गर्दछ । पौडी आफैमा एउटा पूर्ण व्यायाम हो ।

पौडीमा बानी बसेपछि मैले पौडी खेल्ने चलनबारे खोज्न थालेँ । ईशा पूर्व पच्चिस सय वर्ष अगाडि इजिप्टमा पौडी खेल्ने चलन सुरू भएको मानिन्छ । पौडी ऐतिहासिक वेलादेखि नै खेलिएता पनि यो इस्वी सम्वत १८३० को दशकदेखि बेलायतबाट यो प्रतिस्पर्धात्मक खेल बन्यो । त्यस बेलादेखि अहिलेसम्म पौडी खेलमा धेरै परिवर्तन भइसकेको छ ।

नेपालमा पनि पौडी एक मनोरञ्जनात्मक खेलका साथै प्रतिस्पर्धात्मक खेलको रुपमा प्रसिद्ध छ । नेपाल पौडी संघले नेपालमा पौडी खेलको लागि निकै नै काम गरेको छ ।

प्राचीन कालमा पौडी खेल, मानव सभ्यता नदी किनारमा विकास हुँदै गर्दा मानिसहरुले पनि पौडी खेल्न सिकेका होलान् । मानव सभ्यता आधुनिकीकरणतिर लम्किँदै गर्दा पौडी खेल प्रतिस्पर्धी खेलका रुपमा आधुनिक पौडी पोखरीमा खेलिन थाल्यो । पौडी खेल चार प्रकारका हुन्छन् । अंग्रेजीमा त्यसलाई स्ट्रोक भनिन्छ । ती हुन् (फ्री स्टाइल, ब्रेस्ट स्ट्रोक, वटर फ्लाई स्ट्रोक र ब्याक स्ट्रोक ।

विश्वका चार ठुला पौडी खेलाडीहरु मार्क स्पीट्स, माइकल फ्लेप्स, ल्यान थोर्प र अलेक्जेन्डर पोपोभ यी विश्व खेलाडीजस्तै नेपालमा महिला पौडी खेलाडी गौरिका सिंह हुन्, जसले धेरै कीर्तिमान कायम गरेकी छिन् ।

स्वस्थ शरीर र अनुशासित उच्च जीवनशैली अपनाउन पौडी वर्तमान समयमा चाहिने एउटा महत्त्वपूर्ण खेल हो । पौडी एउटा साहसिक र रमाइलो खेल पनि हो ।

लेखक मोडर्न इण्डियन स्कूल चोभार, काठमाडौंमा कक्षा ६ मा अध्ययनरत छन् ।

भोटेकोशी बाढीपछिको पुनर्निर्माणार्थ प्रदेशको ६ अर्ब बजेट कटौती

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले भोटेकोशीको विनाशकारी बाढीबाट पुगेको क्षतिको पुनर्निर्माण गर्न ६ अर्ब रूपैयाँ बजेट कटौती गरेको छ ।

रसुवा, नुवाकोट तथा धादिङ क्षेत्रमा भएको क्षतिको पुनर्निर्माण तथा विपद् व्यवस्थापनका लागि विभिन्न मन्त्रालयको चालु आर्थिक वर्षको बजेटबाट करिब ६ अर्ब रूपैयाँ कटौती गरेको हो ।

गत भदौ १० मा आएको विनाशकारी बाढीका कारण भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीले बागमतीका तीन जिल्ला बढी प्रभावित भएका थिए । प्रदेश सरकारले बाढी प्रभावित क्षेत्रको पुनर्निर्माणका लागि गत असोज २२ गते बसेको मन्त्रिपरिषद् बैठकले बजेट कटौती गर्ने निर्णय गरेको थियो ।

बैठकले विपद्बाट भएको क्षतिको व्यवस्थापन तथा राहत र पुनर्स्थापनाका लागि थप आर्थिक स्रोत व्यवस्थापन गर्न अन्य स्रोतबाट बजेट कटौती गर्ने निर्णय गरेको थियो ।

विपद् प्रभावित क्षेत्रको पुनर्निर्माणका लागि आवश्यक बजेट प्रदेशका विभिन्न मन्त्रालयका प्रस्तावित बजेटबाट केही रकम कटौती गरी विपद् व्यवस्थापनमा लगाउने निर्णय गरिएको हो ।

भोटेकोशी, त्रिशूली तथा स्थानीय खोलाहरुमा आएको बाढीले क्षति पुर्‍याएका संरचनाको पुनर्निर्माणअन्तर्गत नुवाकोट र रसुवामा गरी पाँच वटा झोलुङ्गे पुल प्रदेश सरकारले निर्माण गर्ने निर्णय भइसकेको सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री भरतबहादुर केसीले जानकारी दिए ।

नुवाकोटको विदुर नगरपालिका ४ मेरिस्टोप माउदिखि वडा नम्बर १२ कफीबारी जोड्ने, सिम्तवौर र तिर्तिरे भीर गरी तीन वटा झोलुङ्गे पुल, रसुवाको स्याफ्रुबेंसीमा एउटा र थुमनबाट लिङलिङ जोड्ने एउटा गरी दुई वटा झोलुङ्गे पुल तथा नुवाकोटको फलाखु खोलास्थित कुवापानी र विदुरस्थित त्रिशूली नदी वारपार गर्ने स्थानमा एकएक वटा गरी दुई वटा बेलिब्रिज निर्माण गर्ने निर्णय भएको उनले बताए ।

आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशका सूचना अधिकारी सुरज पौडेलका अनुसार बाढीपहिरोले पुर्‍याएको क्षतिको पुनरूत्थान, पुनर्निर्माण तथा विपद् कोषमा स्रोत जुटाउन विभिन्न मन्त्रालयका विकासे र अन्य अनुदान शीर्षकबाट बजेट कटौती गरिएको हो ।

कटौती गरिएको बजेट हाललाई आर्थिक मामिला मन्त्रालयअन्तर्गतको 'अर्थ विविध' (भैपरी आउने पुँजीगत तथा चालु) शीर्षकमा राखिएको छ ।

विपद् व्यवस्थापन योजना तथा पुनर्निर्माण सम्बन्धी औपचारिक निर्णय भएसँगै उक्त रकम विपद् व्यवस्थापन कोष वा आवश्यक योजनामा स्थानान्तरण गरी परिचालन गरिने सूचना अधिकारी पौडेलले जानकारी दिए ।

'अहिले विभिन्न मन्त्रालयबाट फिर्ता ल्याइएको रकम अर्थ विविध शीर्षकमा जम्मा गरिएको छ र प्रदेश सरकारले तय गर्ने एकीकृत पुनर्निर्माण तथा राहत योजनाका आधारमा विपद् कोषमार्फत खर्च गरिनेछ ।

बाढी प्रभावित स्थानीय तह, सडक पूर्वाधार, पुल तथा खानेपानी आयोजनाहरुको पुनर्स्थापनाका लागि यो बजेट केन्द्रित हुनेछ,' उनले भने ।

सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालयको ३ अर्ब ७२ करोड रूपैयाँ, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको १ अर्ब २० करोड रूपैयाँ, उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयको ४४ करोड ९६ लाख रूपैयाँ कटौती गरिएको छ ।

यसैगरी कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयको ४० करोड ३८ लाख रूपैयाँ, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयको १९ करोड १६ लाख रूपैयाँ, आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयको २ करोड ३८ लाख रूपैयाँ, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ३० लाख ८३ हजार रूपैयाँ कटौती गरिएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयको १४ लाख ३४ हजार रूपैयाँ गरी कुल ६ अर्ब रूपैयाँ बजेट कटौती गरेको बताइएको छ ।

अर्थ मन्त्रालयले पुँजीगत र अनुदानतर्फको बजेटमा कटौती गरी योजना कार्यान्वयनका लागि अख्तियारी प्रदान गरेको छ । मन्त्रालयले बजेट कटौती गर्दा विकासे र सेवा प्रवाह गर्ने निकायहरुमा फरक फरक दर निर्धारण गरेको छ । विकासे मन्त्रालयहरुको २० प्रतिशत बजेट कटौती गरिएको छ ।

जसमा भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयजस्ता मुख्य विकासे अड्डाहरुको पुँजीगत अनुदान तथा पुँजीगततर्फको बजेटमा २० प्रतिशतका दरले कटौती गरिएको छ ।

त्यस्तै, सेवा प्रवाह गर्ने मन्त्रालयहरुको १५ प्रतिशत बजेट कटौती गरिएको छ । सेवा प्रवाह र प्रशासनिक प्रकृतिका मन्त्रालयहरुको पुँजीगत तथा अनुदान शीर्षकबाट १५ प्रतिशत बजेट कटौती गरिएको छ । बजेट निर्माणकै क्रममा चालु खर्च अत्यन्तै कसिलो बनाइएकाले कुनै पनि मन्त्रालयको चालु प्रशासनिक खर्चतर्फ बजेट काटिएको छैन भने संवैधानिक आयोग तथा निकायहरुको बजेटमा पनि कुनै कटौती गरिएको छैन ।

३० दिने कार्ययोजना कार्यान्वयनमा ?

प्रदेशको आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयले स्थलगत अध्ययन र विषयगत क्षतिको विवरणका आधारमा १५ देखि ३० दिनभित्र ठोस नतिजा देखिने गरी कार्ययोजना कार्यान्वयनमा ल्याएको मन्त्रालयका सचिव महेश भट्टराईले जानकारी दिए ।

कार्ययोजनाअनुसार प्रभावित नागरिकलाई तत्काल राहत पुर्‍याउनेदेखि भौतिक संरचनाको पुनर्निर्माणसम्मका काम निश्चित समयतालिका बनाएर थालिएको उनले बताए ।

विस्थापित परिवारका लागि स्थानीय तहमार्फत तत्काल खाना, स्वच्छ पिउने पानी र प्राथमिक उपचार निरन्तर उपलब्ध गराइनेछ ।

पठनपाठन अवरूद्ध भएका विद्यालयमा वैकल्पिक सिकाइ केन्द्र सञ्चालन गर्ने, अलपत्र बालबालिकाको संरक्षण गर्ने तथा खानेपानी, सडक, ऊर्जा र सञ्चार सेवा पूर्ण रुपमा सुचारू गर्न पहिलो १५ दिनभित्र काम सक्ने कार्ययोजना रहेको उनले बताए ।

प्राविधिक टोली परिचालन गरी क्षतिग्रस्त आवास, सडक र पुलहरुको विस्तृत परीक्षण तथा लागत अनुमान निकाल्ने, किसान तथा साना व्यवसायीका लागि जीविकोपार्जन योजना तयार पार्ने र सुरक्षित बस्तीका विकल्प पहिचान गर्ने गरी ३० दिनभित्र काम सक्ने तयारी रहेको उनले बताए । सबै प्राविधिक मूल्याङ्कन सम्पन्न भएको १५ दिनभित्र प्रदेश नीति तथा योजना आयोगले स्रोत सुनिश्चिततासहितको 'एकीकृत पुनर्निर्माण गुरूयोजना' मन्त्रिपरिषद्मा पेस गर्ने काम भइरहेको उनको भनाइ छ ।

उक्त बाढीका कारण १ हजार ४५५ जनाको मृत्यु भएको थियो भने ५ हजारभन्दा बढी बेपत्ता र हेका छन् । विपद्लगत्तै ३० हजार ४८८ सुरक्षाकर्मी तथा स्वयंसेवक परिचालन गरी १३ हजार ७९५ जनाको सकुशल उद्धार गरिएको थियो भने उपचार गराएका ३४४ जनामध्ये ३९७ जना अस्पतालबाट डिस्चार्ज भइसकेका छन् ।

बाढीले ३ हजार ३०० निजी आवास पूर्ण रुपमा र ३६९ घरमा आंशिक क्षति पुर्‍याएको छ भने ३ हजार ३०० परिवार प्रत्यक्ष विस्थापित भएका छन् । हाल १ हजार ८५ जना अस्थायी शिविरमा आश्रित छन् । विपन्ना परेर १०३ जना बालबालिकाले बाबुआमा दुवै गुमाएका छन् भने होल्डिङ सेन्टरहरुमा ३४६ बालबालिका र १६९ ज्येष्ठ नागरिक आश्रित छन् ।

बाढीका कारण ३४ वटा पक्की (मोटरेबल) पुल र ५१ वटा झोलुङ्गे पुल बगाएको छ भने ३.५ किलोमिटर कालोपत्रे सडक क्षतिग्रस्त भएको छ । ३५ वटा विद्यालय भवन र ३१७ वटा कक्षाकोठा पूर्ण रुपमा नष्ट हुँदा ९ हजार ३४८ विद्यार्थीको पढाइ प्रभावित भएको छ भने १७ वटा सरकारी तथा निजी स्वास्थ्य संस्थामा क्षति पुगेको छ ।

५५ वटा खानेपानी आयोजनामा क्षति पुग्दा ३० करोड ४० लाख रूपैयाँको नोक्सानी भएको छ भने क्षतिग्रस्त १९८ मोबाइल टावरमध्ये १९३ वटा पुन: सञ्चालनमा आइसकेका छन् ।

४७१ हेक्टरको बाली नष्ट भएको छ भने हजारौं पशुचौपाया र १ लाख ३४ हजार कुखुरा मरेका छन् । ३०० साना तथा घरेलु उद्योग र ६७ वटा पसल नष्ट हुँदा करिब ३ अर्ब रूपैयाँ बराबरको नोक्सानी भएको छ भने १ हजार ७०० श्रमिकले रोजगारी गुमाएका छन् ।

बैंक तथा वित्तीय संस्थाहरुको प्रत्यक्ष क्षति ७३ करोड रूपैयाँभन्दा बढी र ३ अर्ब ४३ करोड रूपैयाँभन्दा बढीको ऋण जोखिममा परेको छ ।

मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुर्‍याउने,
- मुटु, मृगौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।



मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

डेंगीबाट बचौं र बचाऔं

लक्षण:
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु, आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु, उच्च ज्वरो आउनु,
- शरीरमा राता बिबिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं,

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

१९ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका